Research Management Cell
Adarsha Multiple Campus





AMC Journal
Link : https://doi.org/10.3126/amcj.v3i1.45451

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

# प्रकरणार्थविज्ञानका आधारभूत अवधारणा : प्रतिज्ञप्ति, पूर्वधारणा, निहितार्थ र अभिव्यञ्जना

**डा. केशव भुसाल***


## सार

*प्रस्तुत लेख प्रायोगिक भाषाविज्ञानको महत्त्वपूर्ण क्षेत्र प्रकरणार्थविज्ञानमा आधारित रहेको छ । यस लेखमा प्रकरणार्थविज्ञानका आधारभूत अवधारणाअन्तर्गत पर्ने प्रतिज्ञप्ति, पूर्वधारणा, निहितार्थ र अभिव्यञ्जनाको सूक्ष्म अन्वेषण गरिएको छ । प्रकरणार्थविज्ञानको परिचय दिनु, प्रतिज्ञप्ति, पूर्वधारणा, निहितार्थ र अभिव्यञ्जनाको सैद्धान्तिक चर्चा गर्नु, यीअन्तर्गतका विभिन्न भेदोपभेदको व्याख्या विवेचन गर्नु यस अध्ययनका मूलभूत उद्देश्यहरू रहेका छन् । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यस अध्ययनमा मूलत: द्वितीयक स्रोतका सामग्रीहरूको प्रयोग गरिएको छ । यस क्रममा पुस्तकालयीय कार्यका माध्यमबाट आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको छ । यो लेख तयार गर्ने सिलसिलामा अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको अधिक उपयोग गरिएको छ। यस अध्ययनबाट प्रकरणार्थविज्ञान प्रकरणपरक भाषिक प्रयोगको अध्ययनसँग सम्बन्धि त रहेको, प्रतिज्ञप्ति भाषिक अभिव्यक्ति वा उच्चारबाट प्रकट हुने आधारभूत अर्थसँग सम्बन्धित रहेको, पूर्वधारणा व्यक्त अभिव्यक्तिका आधारमा अव्यक्त अभिव्यक्तिको अनुमान गर्ने कार्यसँग सम्बन्धित रहेको, निहितार्थ प्रतिज्ञप्तिहरूका बिचको सम्बन्धसँग सम्बन्धित रहेको, अभिव्यञ्जना भाषिक अभिव्यक्तिमा व्यक्त अभिधार्थभन्दा भिन्न लक्ष्यार्थसँग सम्बन्धित रहेको लगायतका निष्कर्ष निकालिएको छ। प्रस्तुत अध्ययन प्रकरणार्थविज्ञान र यसअन्तर्गत पर्ने प्रतिज्ञप्ति, पूर्वधारणा, निहितार्थ र अभिव्यञ्जनाका बारेमा आवश्यक जानकारी लिन विशेषोपयोगी हुने अपेक्षा गरिएको छ ।*


**मुख्य शब्दावली** : अभिव्यञ्जना, पूर्वधारणा, प्रकरणार्थविज्ञान, प्रतिज्ञप्ति, निहितार्थ ।

---

* *डा. केशव भुसाल शिक्षाशास्त्र केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुरमा नेपाली शिक्षाका विभागीय प्रमुख तथा उप-प्राध्यापक हुनुहुन्छ । Email: keshabbhusal.tu@gmail.com*

## पृष्ठभूमि

प्रकरणार्थविज्ञान भाषाविज्ञानका विभिन्न शाखाहरूमध्येको नूतन शाखा हो । यसलाई कुनै खास प्रकरण वा प्रसङ्गमा व्यक्त भाषाको अध्ययनसम्बद्ध सिद्धान्तका रूपमा व्याख्या गरिएको पाइन्छ । भाषावैज्ञानिक मे (सन् १९९३) का अनुसार प्रकरणार्थविज्ञान के हो, यसलाई कसरी परिभाषित गर्ने, प्रकरणजनित भाषिक व्यवहार के हो र प्रकरणार्थविज्ञान के होइन जस्ता विषयहरूप्रति प्रकरणार्थविद्हरूमा निकै मतभेद पाइन्छ । यद्यपि, यसलाई वक्ताको आभिप्रायिक अर्थको सूक्ष्म विश्लेषण गर्ने सिद्धान्तका रूपमा लिइन्छ ।

प्रकरणार्थविज्ञान सन्दर्भअनुसार प्रयोग गरिने भाषाको स्वरूप र प्रयोगका बिचको सम्बन्ध अध्ययन गर्ने शास्त्र हो । "यसलाई भाषिक संरचना र भाषा प्रयोगको सिद्धान्तसँग अन्तर्सम्बन्धित विषयका रूपमा व्याख्या गर्नु समीचीन हुन्छ" (लेभिन्सन, सन् २०१०, पृ.९) । मिश्र र सिंह (सन् २०११) का अनुसार अभिव्यक्ति वा उच्चार सन्दर्भका मुख्य तीन प्रकार हुन्छन् : भाषिक, पारिवेशिक र आनुभाविक । भाषिक सन्दर्भबाट भाषिक एकाइ (शब्द, वाक्य) ले व्यक्त गर्ने साधारण अर्थको बोध हुन्छ । यसका लागि कुनै सन्दर्भ वा अनुमानको आवश्यकता पर्दैन । कथ्य वा लेख्य पाठका सन्दर्भमा पूर्वप्रस्तुत विषयसन्दर्भका आधारमा हुने बोधलाई पनि यसैअन्तर्गत लिइन्छ । पारिवेशिक सन्दर्भबाट कुनै खास परिवेशमा व्यक्त अभिव्यक्तिको अर्थबोध हुन्छ । यसका लागि भाषा प्रयोगको तात्कालिक परिस्थिति निकै महत्त्वपूर्ण हुने मानिन्छ । आनुभविक सन्दर्भ पञ्च इन्द्रियसँग सम्बन्धित हुन्छ । यसले मानवीय मस्तिष्कमा सुरक्षित अनुभवका आधारमा कतिपय अभिव्यक्तिको अर्थबोध हुने कुरा दर्साउँदछ । भाषिक अभिव्यक्तिका तथोक्त तीन सन्दर्भमध्ये प्रकरणार्थविज्ञान पारिवेशिक र आनुभविक सन्दर्भसँग सम्बन्धित रहेको छ ।

त्यसो त भाषिक अभिव्यक्ति बोधका लागि माथि लेखिएका सन्दर्भहरू मात्र पर्याप्त नहुन सक्छन् । यसका लागि सामाजिक, सांस्कृतिक, भौतिक, साहित्यिक आदि बहुविध सन्दर्भहरूको पनि आवश्यकता पर्न सक्छ । रोस र कास्पर (सन् २००१) का अनुसार प्रकरणार्थविज्ञान सामाजिक र सांस्कृतिक सन्दर्भमा आधारित भई गरिने साञ्चारिक कार्यको अध्ययन हो । यसले भाषा प्रयोगमा व्यवहृत हुने सामाजिक र सांस्कृतिक प्रभावका समग्र सन्दर्भपरक पक्षको अवेक्षण गर्दछ । जस्तै : 'ऊ बैंकमा पैसा राख्न गयो' वाक्य सुन्नासाथ भाषिक सन्दर्भका आधारमा बैंक शब्दलाई वाक्यका निकटस्थ शब्दसँग समन्वित तुल्याई व्यक्त आशयको बोध गर्न सकिन्छ तर "सोही शब्द 'बैंक' लाई सहरको कुनै भवनको भित्तामा लेखेको वा टाँसेको देखियो भने त्यसबाट बैंकको पूर्ववर्ती अर्थ वा व्याख्या प्रभावित हुन पुग्छ" (युल, सन् २००२, पृ. १२९) । यस प्रकरणमा बैंकको अर्थ भौतिक सन्दर्भसँग जोडिन पुग्दछ जसले बैंक रहेको स्थान वा दिशानिर्देश गर्छ । प्रकरणार्थविज्ञानमा बैंक शब्दले सन्दर्भका आधारमा प्रवाह गरेको तथोक्त अर्थजस्तै विविध सन्दर्भबाट प्रवाहित अनेकन् अर्थहरूको सूक्ष्म समीक्षण गरिन्छ ।

प्रकरणार्थविज्ञानलाई भाषिक प्रयोक्ता र भाषा प्रयोगको सन्दर्भका आधारमा गरिने अर्थको अध्ययनका रूपमा पनि परिभाषित गरिएको पाइन्छ । लेभिन्सन (सन् २०१०) का अनुसार प्रकरणार्थविज्ञान प्रकार्यपरक दृष्टिकोणबाट गरिने भाषाको अध्ययन हो जुन भाषिक संरचनाको व्याख्यामा आधारित हुँदैन । यसको युक्तियुक्त बोधका लागि यससम्बद्ध महत्तम पक्षहरूका बारेमा

जानकारी हुनु अपरिहार्य हुन्छ । यसको क्षेत्रअन्तर्गत पर्ने त्यस्ता महत्तम पक्षहरूअन्तर्गत निदर्शन, सन्दर्भन, प्रतिज्ञप्ति, पूर्वधारणा, निहितार्थ, अभिव्यञ्जनालगायत पर्दछन् जसलाई प्रकरणार्थविज्ञानका आधारभूत अवधारणाका रूपमा पनि उल्लेख गरिएको पाइन्छ । प्रस्तुत अध्ययनमा यसअन्तर्गतका चार महत्तम पक्षहरू : प्रतिज्ञप्ति, पूर्वधारणा, निहितार्थ, र अभिव्यञ्जनाबारे अध्ययन गरिएको छ । कमै मात्रामा चर्चा उपलब्ध यस क्षेत्रको अध्ययनबाट नवीन सूचना, जानकारी एवम् तथ्य प्रस्तुत हुने अपेक्षा गरिएको छ ।

## समस्याकथन

प्रायोगिक भाषाविज्ञानको महत्तम क्षेत्र प्रकरणार्थविज्ञानका बारेमा कमै मात्रामा अध्ययन अनुसन्धान भएको पाइन्छ । नेपालका सन्दर्भमा पनि यस क्षेत्रसँग सम्बन्धित रहेर गरिएका अध्ययनहरूको सङ्ख्या निकै कम रहेको देखिन्छ । भाषाविज्ञान र प्रायोगिक भाषाविज्ञानका कतिपय सैद्धान्तिक सामग्रीहरूमा यसबारे सामान्य चर्चा भएको पाउन सकिन्छ । अपितु तिनीहरूबाट अपेक्षाकृत विषयवस्तुको प्रवाह हुन सकेको छैन । यही वस्तुतालाई हृदयङ्गम गरी प्रस्तुत अध्ययनमा प्रकरणार्थविज्ञानका आधारभूत अवधारणाहरूको अन्वेषण गरिएको छ । यस क्रममा प्रतिज्ञप्ति, पूर्वधारणा, निहितार्थ र अभिव्यञ्जनालाई मुख्य समस्याका रूपमा लिइएको छ भने यसका सहायक समस्याका रूपमा यीअन्तर्गतका विभिन्न उपभेदहरूलाई लिइएको छ ।

## उद्देश्यकथन

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य प्रकरणार्थविज्ञानका आधारभूत अवधारणा प्रतिज्ञप्ति, पूर्वधारणा, निहितार्थ र अभिव्यञ्जनाको सैद्धान्तिक अध्ययन गर्नु रहेको छ । यसका अन्य उद्देश्यहरू यी अवधारणाअन्तर्गतका विभिन्न प्ररूपहरूको पहिचान र व्याख्या गर्नु रहेका छन् ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यसमा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय कार्यका माध्यमबाट आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको छ । यस क्रममा प्रकरणार्थविज्ञानका बारेमा चर्चा गरिएका अङ्ग्रेजी र नेपाली सैद्धान्तिक सामग्रीहरूलाई द्वितीयक स्रोतका रूपमा अनुप्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा प्रतिज्ञप्ति, पूर्वधारणा, निहितार्थ र अभिव्यञ्जनाको चर्चाका क्रममा सैद्धान्तिक एवम् प्ररूपात्मक विवेचन प्रक्रियालाई अवलम्बन गरिएको छ । यस क्रममा विभिन्न शीर्षक-उपशीर्षकमा आवश्यक तथ्यहरूको व्याख्या विश्लेषण गरिएको छ ।

## प्राप्ति र विश्लेषण

प्रकरणार्थविज्ञान बहुविध विषयमा आधारित रहेको छ । एकातिर यसको सम्बन्ध सामान्य र प्रायोगिक भाषाविज्ञानका विविध शाखासँग रहेको छ भने अर्कोतिर दर्शन र तर्कशास्त्रसँग पनि यसको

सम्बन्ध जोडिएको छ । प्रकरणार्थविज्ञानले भाषिक अभिव्यक्तिलाई अर्थवैज्ञानिक मान्यताका आधारमा नभई प्रकरणार्थी मान्यताका आधारमा अनुशीलन गर्दछ । यसमा भाषिक अभिव्यक्ति वा उच्चारको आशयलाई विभिन्न सन्दर्भ, समय, स्थान, परिवेश, वक्ता-श्रोताको सम्बन्ध आदिका आधारमा पहिचान गरिन्छ ।

प्रकरणार्थविज्ञानले शाब्दिक र व्याकरणिक अर्थेतर अर्थको अध्ययन विश्लेषण गर्दछ । कतिपय भाषावैज्ञानिकहरूले प्रकरणार्थविज्ञानलाई वक्ताद्वारा प्रेषित र श्रोताद्वारा वर्णित अर्थको अध्ययनका रूपमा चर्चा गरेको पनि पाइन्छ । यद्यपि यो प्रयोक्ताद्वारा प्रस्तुत वाक्यमा अन्तर्भूत शब्द, पदावली र वाक्यले के के अर्थ दिन्छन्, त्यसको अध्ययनमा अभिमुख नरही तिनका माध्यमबाट अभिव्यक्त आशयको विश्लेषणसम्बद्ध रहेको छ । अर्थात् यसले भाषाका शब्द, वाक्य वा उच्चार व्याकरणिक दृष्टिले समान भए पनि परिवेशअनुसार तिनले बुझाउने पृथक् अर्थको अध्ययन र विश्लेषण गर्दछ । त्यसैले "यसलाई वक्ताको मनसायगत अर्थको अध्ययन गर्ने शास्त्रका रूपमा लिइन्छ" (युल, सन् २००२, पृ. १२९) । यसले व्यक्त कुराका आधारमा अव्यक्त वा लुप्त कुराको परीक्षण गर्दछ । किंवा यो शब्द वा वाक्यमा व्यक्त नगरिएका अदृश्य कुरा वा आशयको बोध कसरी हुन्छ, सोको अध्ययनसँग सम्बन्धित रहेको छ । यसमा व्यक्त अभिव्यक्तिको उपयुक्त बोधका लागि आवश्यक पर्ने विभिन्न पक्षहरूमध्ये प्रतिज्ञप्ति, पूर्वधारणा, निहितार्थ, र अभिव्यञ्जनालाई निकै महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ जसको चर्चा देहाय अनुसार गरिएको छ :

### (क) प्रतिज्ञप्ति

कुनै भाषिक अभिव्यक्ति वा उच्चारले व्यक्त गर्ने आधारभूत अर्थलाई प्रतिज्ञप्ति भनिन्छ । प्रतिज्ञप्तिलाई भनाइमा निहित अर्थका रूपमा व्याख्या गरिएको पाइन्छ । यो कुनै विषयका बारेमा व्यक्त गरिएको एकल (Single) वा सग्लो कथन हो । यसलाई भाषिक अभिव्यक्ति वा उच्चारबाट प्रस्तुत हुने संरचनात्मक एवम् सोझो कथनका रूपमा लिइन्छ । "सामान्य शब्दमा भन्नुपर्दा वाक्यमा जे व्यक्त हुन्छ त्यो नै प्रतिज्ञप्ति हो" (लम्साल, २०६१, पृ. ३) । कुक (१९९६) का अनुसार "प्रतिज्ञप्ति आर्थी एकाइ हो जुन विभिन्न भाषिक स्वरूपबाट अनुभूत गर्न सकिन्छ" (मिश्र, २००५, पृ. ७६ मा उद्धृत) । साथै यो साधारण वा स्पष्ट वाक्यबाट प्रस्तुत हुन्छ ।

प्रतिज्ञप्ति भाषिक सञ्चारको न्यूनतम आर्थी एकाइ हो । वाक्क्रियाका सन्दर्भमा प्रतिज्ञप्तिगत अर्थ निर्विधानात्मक अर्थ (Locutionary meaning) सँग सम्बन्धित रहेको हुन्छ । भाषिक अभिव्यक्ति वा उच्चारका सन्दर्भमा प्रतिज्ञप्ति सत्य वा असत्य हुन सक्छ । यसलाई वाक्यको मुख्य पक्ष मानिन्छ जसको बोधका लागि कुनै सन्दर्भको आवश्यकता पर्दैन । अर्थात्, प्रतिज्ञप्ति भाषिक अभिव्यक्तिको संरचनात्मक अर्थ हो जसलाई साङ्कथनिक, अनुविधानात्मक, प्रकरणार्थक आदि आधारविनै बुझ्न सकिन्छ । जस्तै : सरिता विद्यालय गई । प्रस्तुत वाक्य प्रतिज्ञप्तिको एउटा उदाहरण हो । यसले सरिता विद्यालय गएको कुरा अवगत गराएको छ । साथै यो बोधका दृष्टिले पनि सहज रहेको छ ।

प्रतिज्ञप्तिको व्यवहार विभिन्न वाक्यमा विभिन्न किसिमले हुन सक्छ । यसको अभिव्यक्ति एउटै किसिमका वाक्यहरूबाट मात्र हुन्छ भन्ने छैन । भिन्न-भिन्न संरचनाका वाक्यले पनि समान प्रतिज्ञप्ति व्यक्त गर्न सक्छन् । यो एउटा वाक्यमा एउटा प्रतिज्ञप्ति, एउटा वाक्यमा एकाधिक प्रतिज्ञप्ति, एकाधिक वाक्यमा एउटा प्रतिज्ञप्ति जस्ता विभिन्न स्वरूपमा देखिन सक्छ । माथिको उदाहरण एउटा वाक्यमा एउटा प्रतिज्ञप्तिको उदाहरण हो । त्यस्तै, बिरालोले मुसा खायो । बिरालोद्वारा मुसा खाइयो । "प्रस्तुत उदाहरणमा रहेका दुई वाक्यले अलग-अलग अर्थ व्यक्त नगरी एउटै अर्थ व्यक्त गरेका छन् । त्यसैले यी दुई वाक्यमा एउटै प्रतिज्ञप्ति रहेको मानिन्छ" (मिश्र, सन् २००५) । यस दृष्टिले प्रतिज्ञप्तिलाई एक वा अनेक वाक्यात्मक स्वरूपमा आई एकल अर्थ प्रदान गर्ने तत्त्वका रूपमा पनि व्याख्या गर्न सकिन्छ ।

सरल वाक्यीय सन्दर्भमा 'वाक्य एक प्रतिज्ञप्ति एक' को अवधारणा लागु हुने भए पनि जटिल (संयुक्त वा मिश्र) वाक्यीय सन्दर्भमा भने 'वाक्य एक प्रतिज्ञप्ति अनेक' को स्थिति देखा पर्न सक्छ । यसको सहज बोधका लागि तलको उदाहरण हेरौं :

वाक्य : पाल्पाली किसान खुमबहादुरले तरकारी खेती गरेर प्रशस्त धन कमाएको छ ।

यस वाक्यमा तलका प्रतिज्ञप्ति रहेका छन् :

- प्रतिज्ञप्ति एक : खुमबहादुर किसान हो ।
- प्रतिज्ञप्ति दुई : खुमबहादुरको घर पाल्पा हो ।
- प्रतिज्ञप्ति तिन : खुमबहादुरले तरकारी खेती गरेको छ ।
- प्रतिज्ञप्ति चार : खुमबहादुरले प्रशस्त धन कमाएको छ ।

त्यस्तै अर्को उदाहरण हेरौं :

वाक्य : ती राता राम्रा स्याउको मूल्य महँगो छ ।

यस वाक्यमा देहाय अनुसारका प्रतिज्ञप्ति पाउन सकिन्छ :

- प्रतिज्ञप्ति एक : स्याउ राता छन् ।
- प्रतिज्ञप्ति दुई : स्याउ राम्रा छन् ।
- प्रतिज्ञप्ति तीन : स्याउको मूल्य महँगो छ ।

उल्लिखित उदाहरणहरूले जटिल प्रकृतिका वाक्य संरचनामा एकाधिक प्रतिज्ञप्ति अन्तर्निहित हुने कुरालाई सिद्ध गरेका छन् ।

भाषिक अभिव्यक्तिमा निहित प्रतिज्ञप्तिको अध्ययन विश्लेषण गर्ने कार्यलाई प्रतिज्ञप्ति विश्लेषण भनिन्छ । "प्रतिज्ञप्ति विश्लेषणको अवधारणा संज्ञानात्मक मनोविज्ञानको सिद्धान्तसँग सम्बन्धित रहेको मानिन्छ" (शर्मा, सन् २०११, पृ. १०७) । प्रतिज्ञप्ति विश्लेषणमा उर्ध्वगमन पद्धति (Bottom up approach processing) को प्रयोग गरिन्छ जसले भाषाको सबभन्दा

सानो एकाइबाट क्रमशः स्थूल एकाइतर्फ अभिमुख भई भाषिक अभिव्यक्ति वा सङ्कथन बोध र विश्लेषण गर्ने पद्धतिलाई जनाउँदछ । त्यसो त प्रतिज्ञप्तिको अर्थ आधारभूत रूपमा भाषाविज्ञान र त्यसमा पनि अर्थविज्ञानबाट ग्रहण गर्न सकिन्छ । प्रतिज्ञप्तिले प्रकरणार्थी नभई सामान्यार्थी सूचना मात्र प्रस्तुत गर्ने भएकाले यसलाई अर्थविज्ञानको क्षेत्रका रूपमा लिनु बढी समीचीन हुन्छ ।

## (ख) पूर्वधारणा

भाषिक अभिव्यक्ति वा उच्चारका सन्दर्भमा व्यक्त अभिव्यक्तिमा आधारित भई अव्यक्त सूचना वा जानकारीको अनुमान गर्नुलाई पूर्वधारणा भनिन्छ । पूर्वधारणालाई अर्को शब्दमा पूर्वानुमान पनि भनिएको पाइन्छ । प्रकरणार्थी भाषा प्रयोगका सन्दर्भमा यसले कुनै विषयवस्तुका बारेमा सम्बोधक र सम्बोधित दुवैले गर्ने साझा अनुमानलाई जनाउँदछ । त्यसैले यो वक्ता, श्रोता वा भाषिक प्रयोगका बिचको साझा विश्वासका रूपमा देखा पर्छ ।

भाषिक अभिव्यक्ति वा उच्चारका सन्दर्भमा पूर्वानुमान प्रतिज्ञप्तिभन्दा भिन्न रहेको हुन्छ । शर्मा (सन् २०११) का अनुसार "पूर्वानुमानले भाषिक अभिव्यक्ति वा कुराकानीका सन्दर्भमा व्यक्त गर्न खोजिएको विषयबारे सम्बोधितलाई जानकारी रहेको छ भनी सम्बोधकले गर्ने अनुमानलाई जनाउँदछ" (पृ. ११०) । यसमा कुनै भाषिक उच्चार सुनेपछि पैदा हुने पूर्वानुमानलाई समेटिन्छ । मिश्र (सन् २००५) का अनुसार प्रकरणार्थविज्ञानको क्षेत्रमा पूर्वधारणालाई वक्ताको अनुमानका रूपमा लिइन्छ । साथै यसमा वक्ताले मात्र नभई श्रोताले गर्ने अनुमानलाई पनि समेटिन्छ । जस्तै :

नवीनले नविनासँग विवाह गऱ्यो ।

यस अभिव्यक्तिका आधारमा नवीनसँग श्रीमती छिन् भन्ने अनुमान गर्नुलाई पूर्वधारणा वा पूर्वानुमान भनिन्छ । त्यस्तै, 'विवेकको बुबा क्यानडाबाट आउँदै हुनुहुन्छ ।' यस वाक्यका आधारमा वक्ता वा सम्बोधकको बुबा हुनुहुन्छ भन्ने पूर्वानुमान गर्न सकिन्छ ।

पूर्वधारणा वा पूर्वानुमानमा एउटै विषय प्रसङ्गजनित वाक्यहरू सकारात्मक, नकारात्मक वा प्रश्नात्मक जुनसुकै प्रकृतिका भए पनि पूर्वानुमान समान हुने मानिन्छ । जस्तै :

- पाल्पाली केटीले आफ्नो कुकुर भेटाई ।
- पाल्पाली केटीले आफ्नो कुकुर भेटाइन ।
- पाल्पाली केटीले आफ्नो कुकुर भेटाई ?

उल्लिखित सकारात्मक, नकारात्मक र प्रश्नात्मक वाक्यहरूबाट के पूर्वानुमान हुन्छ भने केटी पाल्पाली हो र ऊसँग कुकुर छ ।

यस आधारमा पूर्वधारणालाई भाषिक अभिव्यक्ति वा उच्चारमा स्पष्ट रूपमा नभनिएको तर सम्बोधक-सम्बोधित वा वक्ता-श्रोता दुवैलाई जानकारी रहेको अर्थका रूपमा व्याख्या गर्न सकिन्छ ।

भाषिक उच्चारका सन्दर्भमा वक्तासँग कुनै शब्द वा अभिव्यक्तिको पूर्वानुमान छैन भने उसले त्यसलाई प्रकट नगर्ने मानिन्छ किनभने त्यसले सम्बोधितलाई अन्योल सिर्जना गर्दछ । यदि वक्ताले श्रोतालाई 'प्रकरणार्थविज्ञान' का बारेमा थाहा छैन भनी पूर्वानुमान गर्छ भने उसले 'प्रकरणार्थविज्ञान' शब्दको प्रयोग नै गर्दैन । त्यसो त वक्ताले भनेका सबै कुराका बारेमा श्रोता पूर्वजानकार हुनुपर्छ भन्ने पनि हुँदैन । यसको अर्थ वक्ता-श्रोताका बिच पूर्वजानकारी भएका विषयवस्तुमा आधारित भई गरिने सञ्चार सार्थक र नभएका विषयवस्तुमा आधारित भई गरिने सञ्चार निरर्थक हुन्छ भन्ने हो ।

युल (सन् २००२) का अनुसार वक्ताले भाषिक अभिव्यक्तिका क्रममा के अनुमान गर्छ भने आफूले व्यक्त गर्ने विषयका बारेमा श्रोतालाई पहिले नै थाहा छ । यस अनुमानका आधारमा वक्ताले भाषिक सन्देश प्रवाह गरिरहन्छ । यद्यपि यस्तो अनुमान त्रुटिपूर्ण पनि हुन सक्छ । उनका अनुसार "यदि कसैले तिम्रो भाइ तिमीलाई बाहिर कुरिरहेको छ भन्यो भने त्यहाँ निश्चित रूपमा यो पूर्वानुमान छ कि 'तिम्रो भाइ छ ।' यदि तिमीलाई तिमी किन ढिलो आयौ भनी प्रश्न गरियो भने यसमा यो पूर्वानुमान छ कि तिमी ढिलो पुग्यौ" (युल, सन् २००२, पृ. १३२) ।

कतिपय सन्दर्भमा दुई विपरीत वाक्यहरूका बिचमा पनि पूर्वानुमान कायम हुन सक्छ । जस्तै :

- मेरो कारमा नोक्सान भएको छ ।      - मेरो कारमा नोक्सान भएको छैन ।

यी दुई वाक्यहरू परस्परमा विपरीत आशययुक्त रहेका छन् । यद्यपि यी दुवैमा निहित पूर्वानुमान के छ भने 'मसँग कार छ ।'

पूर्वधारणा वा पूर्वानुमानलाई विभिन्न प्रकारमा वर्गीकरण गरिएको पाइन्छ । यहाँ यसका केही प्रकारहरूको चर्चा गरिएको छ :

○ **अन्तर्निहित पूर्वानुमान**

यो शब्द, पदावली वा वाक्य जस्ता भाषिक तत्त्वसँग सम्बन्धित पूर्वानुमान हो । जब वक्ताले आफ्नो अभिव्यक्तिमा 'प्रकरणार्थविज्ञान' शब्दको प्रयोग गर्छ, उसले सम्बोधितसँग यस शब्दको जानकारी छ भनी पूर्वानुमान गर्छ ।

○ **अस्तित्वगत पूर्वानुमान**

अस्तित्वगत पूर्वानुमान स्वामित्व वा अपनत्वसँग सम्बन्धित रहेको छ । यसलाई नाम लिइएको वस्तु वा एकाइको अस्तित्वका बारेमा गरिने अनुमानका रूपमा लिइन्छ । जस्तै : मेरो कुकुर, मेरो कार आदि । यसमा वक्ताले के पूर्वानुमान गर्छ भने श्रोतासँग कुकुर र कार छ ।

○ **तथ्यपरक पूर्वानुमान**

साधारण तथ्यमा आधारित पूर्वानुमानलाई तथ्यपरक पूर्वानुमान भनिन्छ । जस्तै : सबैलाई थाहा छ कि गौतम बुद्ध नेपालमा जन्मिएका हुन् ।

○ **शाब्दिक पूर्वानुमान**

यो भाषिक प्रयोगमा व्यवहृत हुने त्यस्तो पूर्वानुमान हो जसमा सम्बोधकद्वारा प्रस्तुत भनाइबाट अर्को अर्थसमेत प्रकट हुन्छ । जस्तै : हामीले त्यो कुरा सम्झनालाई भनेर पछुताइरहेका छौँ । यस वाक्यमा वक्ताले के पूर्वानुमान गर्छ भने श्रोतालाई हामीले सम्झनासँग केही कुरा गरेका थियौँ भन्ने कुरा थाहा छ ।

○ **संरचनात्मक पूर्वानुमान**

भाषिक अभिव्यक्तिको संरचनासँग सम्बन्धित पूर्वानुमानलाई संरचनात्मक पूर्वानुमान भनिन्छ । कतिपय वाक्यात्मक संरचनाले परम्परित रूपमा सत्य अनुमान गरिने कुरालाई जनाउँछन् । जस्तै : तिमीले मोटरसाइकल कहिले किन्यौ ? यसबाट तिमीले मोटरसाइकल किनेका छौ भन्ने कुराको अनुमान हुन्छ ।

○ **तथ्यहीन पूर्वानुमान**

यो त्यस्तो पूर्वानुमान हो जहाँ व्यक्त अभिव्यक्तिको कुनै सत्यता हुँदैन । साथै यो पूर्वानुमान सपना, कल्पना जस्ता शब्दबाट व्यवहृत हुन्छ । जस्तै : मैले धनी भएको सपना देखेँ । यसमा यो पूर्वानुमान गर्न सकिन्छ कि वास्तवमा म धनी छैन । त्यस्तै, हामीले अमेरिकामा रहेको कल्पना गऱ्याैँ । यसमा यो अनुमान गर्न सकिन्छ कि हामी अमेरिकामा छैनौँ ।

○ **तथ्यविपरीत पूर्वानुमान**

यसले पूर्वानुमान गरिएको कुरा असत्य मात्र नभई त्यसको विपरीत तात्पर्यको अनुमानलाई जनाउँदछ । अर्थात्, वास्तविक तथ्यको विपरीत पूर्वानुमान गर्दा अनुभूत हुने कुरालाई यस पूर्वानुमानले जनाउँदछ । जस्तै : यदि तिमी मेरो साथी हुन्थ्यौ भने तिमीले मलाई सहयोग गर्थ्यौ । यस उदाहरणबाट तिमी मेरो साथी होइनौ भन्ने पूर्वानुमान हुन्छ । त्यस्तै, यदि तिमी मेरी छोरी भएकी भए म तिमीलाई त्यसो गर्न दिने थिइँन । यस उदाहरणबाट तिमी मेरी छोरी होइनौ भन्ने अनुमान गर्न सकिन्छ ।

भाषावैज्ञानिक युल (सन् २००२) का अनुसार पूर्वानुमानका मुख्य दुई भेद हुन्छन् : अर्थवैज्ञानिक पूर्वानुमान र प्रकरणपरक पूर्वानुमान । यीमध्ये अर्थवैज्ञानिक पूर्वानुमान कम सन्दर्भपरक र प्रकरणपरक पूर्वानुमान अधिक सन्दर्भपरक हुने मानिन्छ । साथै प्रकरणपरक पूर्वानुमानमा अभिव्यक्तिको उपयुक्तताका अतिरिक्त संरचना वा पाठमा सहभागीका बिच आपसी ज्ञान वा साझा अनुमान मिल्नुपर्ने हुन्छ ।

## (ग) निहितार्थ

प्रकरणार्थविज्ञानका सन्दर्भमा निहितार्थलाई प्रतिज्ञप्तिहरूका बिचको सम्बन्धका रूपमा लिइन्छ । अर्थात्, निहितार्थ एउटा यस्तो धारणा हो जसले दुई वाक्यहरूका बिचको विशिष्ट सम्बन्धलाई दर्साउँदछ । 'निहितार्थ' शब्द तर्कशास्त्रबाट ग्रहण गरिएको शब्दका रूपमा व्यवहृत भएको मानिएको छ । साथै

यसलाई तार्किक परिणामसँग सम्बन्धित ठानिएको छ । युल (पूर्ववत्) का अनुसार निहितार्थलाई प्रतिज्ञप्तिको एउटा स्वरूपका रूपमा व्याख्या गर्न सकिन्छ ।

वस्तुतः निहितार्थ निकटस्थ दुई प्रतिज्ञप्ति (वाक्य)हरूका बिचको अन्तरसम्बन्ध हो । यसमा पहिलो प्रतिज्ञप्तिको आशयमा दोस्रो प्रतिज्ञप्तिको आशय निर्भर रहने हुन्छ । अर्थात्, यसमा पहिलो वाक्यको आशय सत्य भए दोस्रो वाक्यको आशय सत्य हुने र नभए दोस्रो वाक्यको आशय पनि असत्य हुने मानिन्छ । त्यसैले यसमा 'क भए मात्र ख' भन्ने कुरा महत्त्वपूर्ण रहेको छ । युल (पूर्ववत्) का अनुसार निहितार्थले दुई अन्तर्सम्बन्धित वाक्यहरूका बिचको सम्बन्धलाई जनाउँदछ जहाँ एक भनाइको सत्यता अर्को भनाइमा निर्भर गर्दछ । निहितार्थका सन्दर्भमा पहिलो वाक्यलाई स्वीकार गऱ्यौं भने दोस्रो वाक्यलाई सहजै स्वीकार गर्न सक्छौँ । यसमा दोस्रो वाक्य पहिलो वाक्यमा आधारित भई विश्वासिलो हुन पुग्दछ । जस्तै :

प्रतिज्ञप्ति क : पृथ्वीले सूर्यलाई परिक्रमा गर्छ ।

प्रतिज्ञप्ति ख : पृथ्वी घुम्छ ।

प्रतिज्ञप्ति क : पसलेले भरियालाई भारी बोकायो ।

प्रतिज्ञप्ति ख : भरियाले भारी बोक्यो ।

उपर्युक्त दुई उदाहरणहरूमा प्रस्तुत वाक्ययुग्ममा दोस्रो वाक्यले पहिलो वाक्यलाई पछ्याएको देखिन्छ । साथै दोस्रो वाक्यको सत्यता पहिलो वाक्यमा आधारित रहेको देखिन्छ ।

निहितार्थलाई कुनै पनि प्राकृतिक भाषाको आधारभूत पक्षका रूपमा लिइन्छ जसले भाषिक अध्ययनका लागि स्थूल आधार उपलब्ध गराउँदछ । भाषिक अभिव्यक्ति वा उच्चारका क्रममा अभिव्यक्त हुने विभिन्न प्रतिज्ञप्तिहरू निहितार्थसँग सम्बन्धित हुन सक्छन् । त्यसो त एउटा जटिल वाक्यले एकाधिक प्रतिज्ञप्ति अन्तर्भूत गर्न पनि सक्छ जसमा निहित प्रतिज्ञप्तिहरूले निहितार्थ प्रकट गर्न सक्छन् । यद्यपि, प्रतिज्ञप्ति र निहितार्थका बिचको सीमारेखा निर्धारण गर्न भने निकै कठिन रहेको मानिन्छ ।

उल्लिखित अर्थमा निहितार्थले एउटा वाक्यको अर्थभित्र अर्को वाक्यको अर्थ समावेश हुने स्थितिलाई जनाउँदछ । अर्थविज्ञानका क्षेत्रमा चर्चित समावेश्य-समावेशित शब्दका बिचको सम्बन्धलाई यसनिकट सम्बन्धका रूपमा व्याख्या गर्न सकिन्छ तर त्यस प्रकृतिको सम्बन्ध शाब्दी स्तरमा आधारित हुन्छ भने निहितार्थ सम्बन्ध वाक्य स्तरमा व्यवहृत हुन्छ । भाषावैज्ञानिक लिच (सन् १९८३) ले पनि निहितार्थ सम्बन्धलाई समावेशी-समावेश्य (Hyponymy) सँग सम्बन्धित तुल्याएर व्याख्या गरेका छन् । प्रकरणार्थविज्ञानका सन्दर्भमा निहितार्थ प्रतिज्ञप्ति र अन्तरुक्तिसँग पनि सम्बन्धित रहेको देखिन्छ । यद्यपि, यो अन्तरुक्तिभन्दा भिन्न रहेको छ किनभने यसमा 'क' को सत्यताले 'ख' लाई दर्साउँदछ । यसबारे थप प्रस्ट हुन तलको उदाहरण हेरौं :

प्रतिज्ञप्ति क : बाघले कुकुर माऱ्यो ।

प्रतिज्ञप्ति ख : कुकुर मऱ्यो ।

तथोक्त उदाहरणलाई निहितार्थको प्रचलित उदाहरणका रूपमा लिइन्छ । यस उदाहरणमा प्रतिज्ञप्ति 'ख' को अर्थ प्रतिज्ञप्ति 'क' मा निहित भएकाले यी दुईका बिच निहितार्थ सम्बन्ध कायम रहेको देखिन्छ । साथै प्रतिज्ञप्ति 'क' सत्य भएकाले प्रतिज्ञप्ति 'ख' पनि सत्य रहेको मानिन्छ । यदि बाघले कुकुर मारेको कुरा सत्य नभएको भए कुकुर मऱ्यो भन्ने प्रतिज्ञप्ति सत्य हुने थिएन । त्यसैले, निहितार्थ पूर्ववाक्यीय अर्थसँग सम्बन्धित रहेको सिद्ध हुन्छ ।

**(घ) अभिव्यञ्जना**

भाषिक अभिव्यक्ति वा उच्चारका क्रममा व्यक्त अपेक्षित अभिधार्थभन्दा भिन्न लक्षित अर्थलाई अभिव्यञ्जना भनिन्छ। यसलाई जनाउन अभिव्यक्तिगत लक्ष्यार्थ, व्यङ्ग्यार्थ, अन्तरुक्ति जस्ता शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ । वस्तुतः अभिव्यञ्जना वा इम्प्लिकेचरलाई संवाद विश्लेषणका क्षेत्रमा प्रचलित शब्दका रूपमा लिने गरिन्छ जहाँ यसलाई जनाउन संवादात्मक अन्तरुक्ति (Conversational implicature) पदावलीको प्रयोग गरिएको पाइन्छ ।

भाषिक विनिमय वा कुराकानीमा सहभागीहरूका बिच एकै किसिमको सञ्चार हुँदैन। सहभागीहरूको पृष्ठभूमि, सम्बन्ध, परिवेश, सन्दर्भ आदिअनुरूप वक्ताव्यक्त विषयका बारेमा श्रोताले प्रतिक्रिया जनाउने हुन्छ । अर्थात् वक्ताले राखेको प्रश्न वा जिज्ञासामा श्रोताले सिधै बुझिने प्रतिक्रिया नजनाई आशयको बोध हुने गरी भिन्न तवरले प्रतिक्रिया जनाउन सक्छ । अपेक्षित वा सरल क्रिया-प्रतिक्रियाभन्दा पृथक् आन्तरिक आशययुक्त तत्प्ररूपको आभिव्यक्तिक प्रक्रियालाई संवादात्मक अन्तरुक्ति भनिन्छ ।

संवाद विश्लेषणका सन्दर्भमा संवादात्मक अन्तरुक्ति (Conversational implicature) शब्दावलीको प्रयोग भाषा वैज्ञानिक डेबिड क्रिस्टल (सन् १९८५) ले गरेको मानिन्छ । यसलाई संवादात्मक संरचनाको भाग वा अंशका रूपमा पनि परिभाषित गरिएको पाइन्छ। यस सन्दर्भमा मिश्र (सन् २००५) ले भनेका छन् - "संवादात्मक अन्तरुक्तिले त्यस्तो प्रयोगलाई जनाउँदछ जुन अभिव्यक्ति वा बोलीको रूपबाट निश्चित सहसम्बन्धित सिद्धान्तहरूको आधारमा तर्क/अनुमान निकालिन्छ" (पृ. ९१) । यसलाई थप स्पष्ट पार्नका लागि उनले उदाहरण दिँदै भनेका छन् - "यदि कसैले मेरो सर्ट मैलो छ भन्यो भने यसको लक्षित वा निहित अर्थ यो बुझ्नु पर्छ कि सर्ट धुनु आवश्यक छ ।" यस आधारमा संवादात्मक अन्तरुक्ति भाषिक संरचनाले व्यक्त गर्ने अर्थभन्दा परको लाक्षणिक/व्यञ्जनात्मक अर्थका रूपमा देखा पर्छ ।

भाषिक अभिव्यक्ति वा कथन प्रयोग-व्यवहारको सन्दर्भमा आधारित हुन्छ । संवादका सन्दर्भमा प्रकटित वाक्यको वास्तविक अर्थ पनि त्यसको उद्देश्य, तर्क, धारणा र संज्ञानात्मक ज्ञानमा निर्भर हुन्छ । त्यसैले, संवादात्मक अन्तरुक्ति वाक्यीय संरचनाको अर्थसँग नभई साहित्यिक एवम् प्रसङ्गपरक अर्थसँग सम्बन्धित हुन्छ । संवादको प्रकरणपरक अर्थले कुन प्रसङ्गमा, केका लागि, केकस्तो भाषिक प्रयोग भयो, सोको निर्धारणमा सघाउ पुऱ्याउँदछ। वाक्यको सांरचनिक वा अभिधार्थक व्याख्या गरेर शैलीगत, लाक्षणिक वा आलङ्कारिक अर्थलाई बेवास्ता गर्दा सबै प्रकारका संवादको विश्लेषण सम्भव हुँदैन । यसो गर्दा संवादात्मक अन्तरुक्तिको वस्तुगत विवेचन पनि हुन सक्दैन । जस्तै :

(क) फोनको घन्टी बज्यो ।

(ख) म नुहाउँदै छु ।   (विडोसन, सन् १९७८, पृ. २९)

उल्लिखित उदाहरणमा 'ख' ले दिएको जवाफ अनुपयुक्त (परस्पर विरोधी) जस्तो देखिन्छ । यद्यपि, त्यसबाट 'क' को आग्रह स्वीकार गर्न नसकेको बुझिन्छ । साथै आफू बाथरुममा रहेकाले फोन उठाउन नसक्ने जनाउसहित तिमीले ('क' ले) उठाइदिँदा पनि हुन्छ वा त्यत्तिकै रहन देऊ भन्ने परोक्ष आशय प्रकट भएको देखिन्छ । यसबाट संवाद प्रकरणमा वक्ताले एउटा भन्न सक्छ तर त्यसको अर्थ अर्कै लाग्न सक्छ भन्ने स्पष्ट हुन्छ । त्यस्तै संवादका क्रममा सहभागी वक्ताले 'हामीले छिटो गर्नुपर्छ' भन्ने आशयमा श्रोतालाई पानी पर्न लागेको जानकारी गराउँदा श्रोताले 'कति सुन्दर दृश्य' भनी प्रतिक्रिया दियो भने उक्त प्रतिक्रियाले संवादात्मक सिद्धान्तको अवज्ञा वा उपहास गरेको मानिन्छ । यस्तो अवस्थामा 'त्यसो भए म पनि तिमीसँग छिटो हिँड्छु वा हतारिन्छु' भन्ने कालिक र कारणात्मक प्रतिक्रिया अपेक्षित हुन्छ ।

लेभिन्सन (सन् २०१०) का अनुसार अभिव्यञ्जना वा अन्तरुक्तिलाई सामान्यीकृत र विशिष्टीकृत गरी दुई मुख्य भागमा वर्गीकरण गर्न सकिन्छ ।

- सामान्यीकृत अभिव्यञ्जना : सामान्यीकृत अभिव्यञ्जना वा अन्तरुक्तिको प्रस्तुति कुनै खास सन्दर्भ वा विशेष परिस्थितिको आवश्यकताविना नै हुन्छ । क्रिस्टल (सन् १९८५) का अनुसार सामान्यीकृत अन्तरुक्ति कुनै खास सन्दर्भमा सीमित नहुने भएकाले यसलाई सन्दर्भमुक्त अन्तरुक्ति भनिन्छ ।
- विशिष्टीकृत अभिव्यञ्जना : विशिष्टीकृत अभिव्यञ्जना वा अन्तरुक्तिको प्रस्तुतिका लागि कुनै खास विशेष सन्दर्भको आवश्यकता पर्छ । क्रिस्टल (सन् १९८५) का अनुसार विशिष्टीकृत अन्तरुक्तिका लागि विशिष्ट सन्दर्भको आवश्यकता पर्ने भएकाले यसलाई सन्दर्भबद्ध वा सन्दर्भ प्रभावित अन्तरुक्ति भनिन्छ ।

यस अलावा अभिव्यञ्जनालाई परम्परित वा प्रचलित अभिव्यक्ति र अपरम्परित वा अप्रचलित अभिव्यक्तिका कोणबाट पनि अवेक्षण गर्न सकिन्छ ।

- परम्परित वा प्रचलित अभिव्यक्ति : परम्परित वा प्रचलित अभिव्यक्ति भाषिक उच्चारको परम्परित स्वरूपमा आधारित हुन्छ जुन बोधका दृष्टिले पनि सहज हुन्छ ।
- अपरम्परित वा अप्रचलित अभिव्यक्ति : अपरम्परित वा अप्रचलित अभिव्यक्ति सन्दर्भपरक वा परिवेशगत अभिव्यक्तिमा आधारित हुन्छ जसको बोधका लागि भाषा प्रयोगको सन्दर्भ, विषयवस्तुको प्रकृति, वक्ता-श्रोताको स्तर, भाषिक व्यवहारको परिवेश, स्थान आदिमा आधारित हुनुपर्ने हुन्छ ।

भाषिक अभिव्यक्तिका उल्लिखित दुई प्ररूपहरूमध्ये संवादात्मक अभिव्यञ्जना वा अन्तरुक्ति दोस्रो प्ररूप (अपरम्परित वा अप्रचलित अभिव्यक्ति) सँग अधिक सम्बन्धित देखा पर्छ । यसको वस्तुगत विश्लेषणका लागि हर्बट पाउल ग्राइस (सन् १९१३-१९८८) को दृष्टिकोण महत्त्वपूर्ण

मानिन्छ । वास्तवमा ग्राइस बेलायती भाषावैज्ञानिक हुन् जो मुख्यतः अन्तरुक्ति सिद्धान्त (Theory of implicature) र सहकार्यात्मक सिद्धान्त (Cooperative principle) का आधारमा अधिक चर्चित रहेका छन् । उनले सन् १९७५ मा सहकार्यात्मक सिद्धान्त (Cooperative principle) मा संवादसम्बद्ध चार रीतिहरू उल्लेख गरेका छन् जसअन्तर्गत गुणोक्ति (Quality), परिमाणोक्ति (Quantity), सम्बन्धोक्ति (Relation) र व्यवहारोक्ति (Manner) पर्छन् । यिनको युक्तियुक्त प्रयोग व्यवहारबाट संवादात्मक अभिव्यञ्जना घटित हुने मानिन्छ । ग्राइसद्वारा चर्चा गरिएका यी चार रीतिहरूको चर्चा तल गरिएको छ :

○ **गुणोक्ति**

वस्तुतः गुणोक्तिले सत्य सूचनाको प्रवाहलाई दर्साउँदछ । भाषावैज्ञानिक ग्राइस (सन् १९७५) का अनुसार संवादका क्रममा सहभागीहरूले सत्य सूचना मात्र सम्प्रेषण गर्नु पर्दछ । झुटो वा गलत उच्चारले संवादको सिलसिला अघि बढ्न नसक्ने हुन्छ । "यदि मलाई तपाईंले केक बनाउन लगाउनु भयो र मैले केक बनाउनका लागि तपाईंसँग चिनी मागे भने तपाईंले मलाई चिनी नै दिनु पर्छ नुन दिनु हुँदैन" (ग्राइस, सन् १९७५, पृ.४७) । ग्राइसका दृष्टिमा संवाद प्रक्रियामा संलग्नहरूले आफ्नो भूमिकालाई सत्य बनाउनु पर्दछ, असत्य ठानेका कुराहरू अभिव्यक्त गर्नु हुँदैन, पर्याप्त प्रमाण नभएका कुराहरू भन्नु हुँदैन । संवादमा सहभागीहरूले आफूले असत्य ठानेका सूचनाहरूलाई सम्प्रेषण गर्ने, विना कुनै प्रमाण पनि अनुमानका भरमा विचार प्रवाह गर्ने गर्नाले संवाद प्रक्रिया नै अवरुद्ध हुन पुग्दछ । यसर्थ संवाद प्रक्रियामा सही सूचनाको अपेक्षा गरिन्छ ।

○ **परिमाणोक्ति**

संवादका सन्दर्भमा परिमाणोक्तिले सूचनाको उपयुक्त मात्रालाई दर्साउँदछ । ग्राइस (सन् १९७५) का अनुसार संवाद प्रक्रियामा सहभागीहरूले चाहेजति मात्र सूचना आदानप्रदान गर्नु पर्दछ । भाषिक क्रियाका सन्दर्भमा व्यक्त गरिने धेरै वा थोरै आशयले संवादलाई सफल बनाउने नभई आवश्यक एवम् अपेक्षित मात्रात्मक आशयले मात्र संवाद सफल बनाउने हुन्छ । "यदि मैले चारओटा पेचकस मागें भने तपाईंले मलाई चारओटै पेचकस दिनुपर्छ, न कि दुई वा छ ओटा" (ग्राइस, सन् १९७५, पृ. ४७) । यस दृष्टान्तले अपेक्षाभन्दा कम र बढी पेचकस दिनु असान्दर्भिक भएजस्तै संवादमा पनि सूचनाको उपयुक्त मात्रा हुनुपर्ने कुरा निर्देशित गर्दछ । ग्राइसका दृष्टिमा संवाद वा कुराकानीका क्रममा उद्देश्य अनुरूप आवश्यक सूचना मात्र दिनु पर्दछ, आवश्यकताभन्दा बढी सूचना दिनु हुँदैन । यसबाट संवाद प्रक्रिया अपेक्षाकृत तरिकाले निश्चित गतिमा अघि बढ्ने अपेक्षा गरिन्छ ।

○ **सम्बन्धोक्ति**

संवाद प्रक्रियामा सम्बन्धोक्तिले एकाधिक भाषिक उच्चारबिचको अन्तर्सम्बन्धलाई जनाउँदछ । संवादमा सहभागीले प्रस्तोताद्वारा प्रस्तुत विषय सन्दर्भमा आधारित भई प्रतिक्रिया जनाउँदा मात्र व्यक्त आशयको समुचित बोध हुन पुग्छ । साथै संवाद प्रक्रियाले समेत निरन्तरता पाउने हुन्छ ।

यसविपरीत प्रतिक्रिया प्रकट भएको खण्डमा चाहिँ संवाद क्रिया नै अवरुद्ध हुन पुग्दछ । त्यसैले संवादका प्रत्येक तहमा परिस्थितिलाई ध्यान दिई तात्कालिक आवश्यकता मुताबिक भूमिका निर्वाह गर्नु पर्दछ । "यदि मैले केक बनाउँदा मिश्रण गर्नु पर्ने तत्त्वहरू मागेको अवस्थामा राम्रो पुस्तक र चिटिक्क परेका लुगा दिनु हुँदैन" (ग्राइस, सन् १९७५, पृ. ४७) । यस दृष्टान्तले केक बनाउन पुस्तक र लुगा दिदा जेजस्तो स्थिति सिर्जना हुन्छ सम्बन्धोक्तिविहीन उच्चार गर्दा पनि संवाद प्रक्रिया त्यस्तै हुन पुग्ने दर्साउँदछ । ग्राइसका अनुसार संवाद प्रक्रियामा संवादको शीर्षकसँग सम्बन्धित भाषिक उच्चार मात्र प्रयोग गर्नु पर्दछ । यद्यपि, यस कार्यलाई ग्राइस स्वयम्ले निकै जटिल मानेका छन् भने "सर्ले, विलसन र स्पेबरले यस उक्तिको पालनालाई संवादमा पूर्णतः अस्वीकार गरेका छन्" (स्कुलफिल्ड, सन् २००७, पृ. ७) । यसप्रकार सङ्कथन वा संवाद प्रक्रियामा यसको सान्दर्भिकताबारे सदैव प्रश्न उठ्ने देखिएको छ ।

○ **व्यवहारोक्ति**

संवादका सन्दर्भमा व्यवहारोक्तिले सूचनामा हुनुपर्ने विभिन्न गुणहरूलाई दर्साउँदछ । ग्राइस (सन् १९७५) का अनुसार संवाद प्रक्रिया व्यवहारोक्तिले युक्त हुनका लागि स्पष्ट, असन्दिग्ध, सङ्क्षिप्त र आनुक्रमिक विशेषताले युक्त हुनु पर्दछ । उनका अनुसार संवादमा वक्ताले भन्न खोजेको कुरा नबुझिने तथा अस्पष्ट नभई सरल, सुबोध एवम् स्पष्ट हुनु पर्दछ, व्यक्त आशय सन्दिग्ध तथा बहुअर्थी नभई सहजार्थी, एकार्थी एवम् असन्दिग्ध हुनु पर्दछ, विस्तृत तथा लम्बेतान नभई आवश्यकतानुसार सङ्क्षिप्त हुनु पर्दछ । साथै, अनानुक्रमिक, क्रमविहीन तथा विश्रृङ्खलित नभई आनुक्रमिक एवम् श्रृङ्खलित हुनु पर्दछ ।

समग्रतः उल्लिखित रीतिहरूमध्ये गुणले सहभागीबाट अपेक्षित सत्य कुरालाई, परिमाणले सूचनाको उपयुक्त मात्रालाई सम्बन्धले संवादात्मक व्यवहारको उद्देश्यसँग सम्बन्धित विचार प्रवाहलाई र व्यवहारले अभिव्यक्तिगत प्रष्टता, सङ्क्षिप्तता, सन्देहमुक्तता र आनुक्रमिकतालाई जनाउँदछन् ।

## निष्कर्ष

उल्लिखित तथ्यका आधारमा अवेक्षण गर्दा प्रकरणार्थविज्ञान भाषाप्रयोगको सन्दर्भपरक अध्ययनमा आधारित प्रायोगिक भाषाविज्ञानको नवीन शाखाका रूपमा देखा पर्छ । यसका आधारभूत अवधारणाअन्तर्गत प्रतिज्ञप्ति, पूर्वअवधारणा, निहितार्थ, अभिव्यञ्जनालगायत रहेका छन् जसमध्ये प्रतिज्ञप्ति भाषिक अभिव्यक्तिबाट अभिव्यक्त हुने आधारभूत अर्थसँग सम्बन्धित रहेको छ । पूर्वधारणा व्यक्त अभिव्यक्तिका आधारमा अव्यक्त अभिव्यक्तिको अनुमान गर्ने कार्यसँग सम्बन्धित रहेको छ । निहितार्थ प्रतिज्ञप्तिहरूका बिचको सम्बन्धसँग सम्बन्धित रहेको छ भने अभिव्यञ्जना भाषिक अभिव्यक्तिमा व्यक्त अभिधार्थभन्दा भिन्न लक्ष्यार्थसँग सम्बन्धित रहेको छ । पूर्वधारणाका अन्तर्निहित, अस्तित्वगत, तथ्यपरक, शाब्दिक, संरचनात्मक, तथ्यहीन, तथ्यविपरीत जस्ता विभिन्न प्ररूप रहेका छन् भने अभिव्यञ्जनाका सामान्यीकृत, विशिष्टीकृत, परम्परित, अपरम्परित जस्ता प्ररूपहरू रहेका छन् । अपरम्परित वा अप्रचलित अभिव्यञ्जना बोधका लागि चाहिँ गुणोक्ति, परिमाणोक्ति, सम्बन्धोक्ति र

व्यवहारोक्तिमा ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ । प्रकरणार्थविज्ञानका आधारभूत अवधारणानिबद्ध उपर्उल्लिखित ज्ञान एवम् जानकारीले भाषिक सञ्चार, लक्षित अर्थको बोध र विनिमयमा गतिशीलता पैदा गर्छ । परिणामस्वरूप भाषिक व्यवहारले अपेक्षित सार्थकता ग्रहण गर्दछ ।

## सन्दर्भ सामग्री सूची


कुक, जी. (सन् १९९६), *डिस्कोर्स,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

क्रिस्टल, डी. (सन् १९८५) *द इन्गलिस टोन अफ भ्वाइस*, एडवार्ड आर्नोल्ड ।

ग्राइस, एच. पी. (सन् १९७५), *लजिक एन्ड कन्भर्सेसन, सिन्ट्यक्स एन्ड सिमान्टिक्स* http://www.sfu.ca/ieffpell बाट प्राप्त ।

मिश्र, चन्द्रेश्वर (सन् २००५), *डिस्कोर्स एनलाइसिस*, निलम पब्लिकेसन ।

मिश्र, चन्द्रेश्वर र सिंह, आर. के. (सन् २०११), *प्रग्माटिक्स एन्ड डिस्कोर्स एनलाइसिस,* ज्ञानकुञ्ज प्रकाशन ।

मे, जे. एल. (सन् १९९३), *प्रग्माटिक्स,* ब्ल्याकवेल ।

युल, जी. (सन् २००२), *प्राग्माटिक्स*, अक्स्फोर्ड युनिभर्सिटी प्रेस ।

रोस, के. आर. र कास्पर, जी. (सन् २००१), *प्रग्माटिक्स एन्ड ल्याङ्ग्वेज टिचिङ,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

लम्साल, रामचन्द्र (२०६१), प्रकरणार्थविज्ञान परिचय र प्रकृति, *सम्प्रेषण*, १ (१), १-७ ।

लिच, जी. (सन् १९८३), *प्रिन्सिपल अफ प्रग्माटिक्स,* लङम्यान ।

लेभिन्सन, एस. सि. (सन् २०१०), *प्रग्माटिक्स,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

विडोसन, एच. जी. (सन् १९७८), *टिचिङ् ल्याङ्ग्वेज एज कम्युनिकेसन*, अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

शर्मा, विकास (सन् २०११), *प्रग्माटिक्स एन्ड डिस्कोर्स एनलाइसिस*, सनलाइट पब्लिकेसन ।

स्कुलफिल्ड, एम्. (सन् २००७), *ऱ्यासनालिटी एन्ड कन्भर्सेसन : अ थेसिस अन ग्राइसेस थियौरी अफ कन्भर्सेसन,* द युनिभर्सिटी अफ एडिनबर्ग ।